जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ | अंक १४ | २०८३ साल साउन १६ गते शनिबार (1 Aug 2026 Saturday) | मूल्य रु. ५/-

***Log in : rajbirajdainik.com.np***

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : महागङ्गा आरतीः साँझलाई... ३ पृष्ठमा : विभिन्न जिल्लामा उत्पन्न ... ३ पृष्ठमा : हमास-इजरायल सम्झौतामा ...

# सप्तरीको दुई पालिकामा अनिशितकालका लागि कर्फयु आदेश जारि



**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लाको दुई वटा नगरपालिकामा अनिशितकालका लागि कर्फयु आदेश जारि गरेको छ । जिल्लाको राजविराज र बोदेबरसाईन नगरपालिका क्षेत्रमा कर्फयु आदेश जारि गरेको हो ।

प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाद्वारा शुक्रबार बिहान जारि सूचनामा बिहान ८ बजेदेखी ६स्राजविराज बजार क्षेत्रमा कर्फयु आदेश जारि गरेको जनाइएको छ ।

जारि सूचनामा जिल्लाको पछिल्लो सुरक्षा स्थितिको विश्लेषणका आधारमा आन्दोलन वा हुलदंगा भई शान्ति सुरक्षा भंग हुन जाने देखिएको हुँदा जिल्ला सुरक्षा समितिको बिहीबार बसेको बैठकले जिल्लाको शान्ति सुरक्षा कायम राख्न स्थानीय प्रशासनले कर्फयु आदेश जारि गरिएको उल्लेख छ ।

राजविराज नगरपालिका क्षेत्रका पूर्वखाडो खोलासम्म, पश्चिम हुलाकी राजमार्गको जमुनी थलही सम्म, उत्तर रुपनी रोडको बसविट्टी चौक सम्म र दक्षिण कोशी पश्चिम मुल नहरसम्म कर्फयु लगाइएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# सरकार र पीडित परिवारबीच सातबुँदे सहमति

काठमाडौं, १५ साउन (रासस) । सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा यही साउन १० गते भएको घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताका परिवार तथा सरकारबीच सातबुँदे सम्झौता भएको छ ।

सम्झौताअनुसार सरकारले मृतकद्वयलाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने र मृतकका परिवारलाई प्रतिपरिवार रु १० लाख राहत उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गरिने छ । देवानगञ्ज गाउँपालिका-३ स्थित मदरसाको कानुनी हैसियतका सम्बन्धमा तत्काल छानबिन थालिने भएको छ ।

सम्झौताअनुसार दुवै मृतकका परिवारका योग्य एक-एक जना सदस्यलाई रोजगारीको व्यवस्था गरिने छ भने छानबिन समितिको सुझावका आधारमा मृतकहरूको सम्झनामा गाउँपालिकाको उपयुक्त स्थानमा स्थानीय सरकारसँगको समन्वयमा स्मृति उद्यान निर्माण गरिने छ ।

सम्झौतापत्रमा मृतकका परिवारका प्रतिनिधि र सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरुङले हस्ताक्षर गर्नुभएको छ । सरकारले गरेका प्रतिबद्धता समयमै कार्यान्वयन गर्ने विश्वास पीडित परिवारले व्यक्त गरेका छन् भने सरकारका तर्फबाट सम्झौतामा उल्लिखित सबै बुँदा चरणबद्ध रूपमा कार्यान्वयन गरिने जनाइएको छ । मेहताद्वयको शुक्रबारै अन्त्येष्टि गरिनेछ ।

# कल्याणपुरमा सामाजिक सद्भाव र्‍याली





**परिष कर्ण**
**राजविराज, १५ साउन ।**

सप्तरीको खडक नगरपालिका-७ कल्याणपुरमा सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले शुक्रबार सद्भाव र्‍याली निकालिएको छ ।

प्रतिनिधिसभा सदस्य सीताराम साहको नेतृत्वमा निकालिएको र्‍यालीमा हिन्दू र मुस्लिम समुदायका अगुवा तथा बुद्धिजीवी र स्थानीयको सहभागिता थियो । र्‍यालीमा

*बाँकी अन्तिम पृष्ठमा*

# सप्तरीका राजनीतिक दलद्वारा सामाजिक सद्भाव, आपसी सहिष्णुता र शान्ति कायम राख्न संयुक्त अपिल



प्रेस विज्ञप्ति

मिति - २०८३/०४/१५

मिति २०८३/०४/१० गतेका दिन सुनसरी जिल्ला देवानगंज गाउँपालिका वडा न.-३ कप्पतानगंजमा घटेको दुःखद घटनामा गोलि लागी ज्यानगुमाउनु भएका ओम प्रकाश मेहता, जय प्रकाश मेहता, सिरहा जिल्ला गोलबजारका गणेश यादव, लगायत विभिन्न जिल्लाहरुमा ज्यान गुमाएकोहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं/

सुनसरी, सिरहा लगायत विभिन्न जिल्लाहरुमा घटेको अप्रिय घटनाको न्यायीक छानबिन समिति गठन गरि सत्य तथ्य सार्वजनिक गर्न र दोशी उपर हदै सम्म को कानुनी कार्वाही गर्नु, साथै मृतक परिवारहरुलाई क्षतिपूर्ति र घाईतेहरुलाई निःशुल्क उपचारको व्यवस्था मिलाउन सरकार संग जोडदार मांग गर्दछौं/

सामाजिक सदभाव कायम राख्नन सबै धर्म समुदायका आम नागरिकहरु संग हार्दिक अपिल गर्दछौं/ साथै सुरक्षा निकायलाई यस संकटको समयमा परिस्थीतिलाई सहज बनाउन गम्भीर भई संयमतापुर्वक शान्ती सुरक्षाको व्यवस्था मिलाउन आग्रह गर्दछौं/

रामदेव साह
सभापति
नेपाली कांग्रेस सप्तरी

प्रताप नारायण चौधरी
जिल्ला संयोजक
नेपाली कम्यूनिष्ट पार्टी सप्तरी

देवनाथ यादव
जिल्ला सचिव
ने.क.पा. एमाले सप्तरी

केदार प्रसाद यादव
जिल्ला अध्यक्ष
जसपा नेपाल सप्तरी

ई संजिव नारायण यादव
जिल्ला अध्यक्ष
जनमत पार्टी सप्तरी

दिपेन्द्र कुमार चौधरी
जिल्ला अध्यक्ष
राष्ट्रिय मुक्ति पार्टी सप्तरी

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

सुनसरी, सिरहा लगायतका विभिन्न जिल्लामा हालै भएका हिंसात्मक घटनापछि सप्तरीका ६ राजनीतिक दलले सामाजिक सद्भाव, आपसी सहिष्णुता र शान्ति कायम राख्न संयुक्त अपिल गरेका छन् ।

नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी, जसपा नेपाल, जनमत पार्टी र राष्ट्रिय मुक्ति पार्टीका जिल्ला नेतृत्वले शुक्रबार संयुक्त विज्ञप्ति जारी गर्दै सबै धर्म र समुदायका नागरिकलाई संयमित भई सामाजिक सद्भाव कायम राख्न आग्रह गरेका हुन् ।

विज्ञप्तिमा साउन १० गते सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा भएको घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहता, जयप्रकाश मेहता र सिरहाको गोलबजारका गणेश यादव तथा अन्य घटनामा मृत्यु भएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

दलहरुले सुनसरी, सिरहालगायत विभिन्न जिल्लामा भएका घटनाको निष्पक्ष तथा न्यायिक

*बाँकी अन्तिम पृष्ठमा*

## इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# महागङ्गा आरती: साँझलाई बनाउँदै आध्यात्मिक उत्सव

**राजु विश्वकर्मा**
जनकपुरधाम, १५ साउन (रासस)।

साँझको ७:३० बजेको समय। जनकपुरधामस्थित गङ्गासागर पोखरीको किनारमा घाम अस्ताउन लागेपछि वातावरण बिस्तारै भक्तिमय बन्दै जान्छ। शङ्खध्वनि गुञ्जिन थाल्छ, घण्टनादले परिसर जुञ्जायमान हुन्छ र वैदिक मन्त्रको उच्चारणसँगै दीपको उज्यालो पानीको सतहमा छचल्किन थाल्छ।

आरती हेर्न गङ्गासागर पुगेका सयौं श्रद्धालु हात जोडेर भक्तिभावमा मग्न हुन्छन्। कतिपयले दीप प्रज्वलन गरी आरतीमा सहभागी हुन्छन् भने कतिपयले शान्त भावले सम्पूर्ण दृश्यावलोकन गर्दै आध्यात्मिक आनन्द लिन्छन्।

पछिल्लो समय जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक गङ्गासागर पोखरीको सन्ध्याकालीन महागङ्गा आरती आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षको केन्द्र बन्दै गएको छ। प्रत्येक दिन साँझको समयमा हुँदै आएको महागङ्गा आरती हेर्न आन्तरिक तथा बाह्य पर्यटकहरूको घुइँचो लाग्ने गरेको छ। विगत १२ वर्षदेखि सञ्चालित महागङ्गा आरतीमा आन्तरिकसँगै छिमेकी मुलुक भारत तथा अन्य मुलुकहरूबाट समेत पर्यटकहरू आउने गरेको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा मधेस प्रदेशसभाका सभामुख रामाशिष यादवले जानकारी दिनुभयो।

भारतको बनारस, हरिद्वार, बनारसलगायतका स्थानमा हुने आरतीझैं महागङ्गा आरती हुने गरेकाले पनि दैनिक महागङ्गा आरती दर्शनका लागि पर्यटकहरूको आगमन बढेको उहाँको भनाइ छ। "सुरुसुरुमा थोरै सङ्ख्यामा मात्र पर्यटकहरू आउने गर्नुहुन्थ्यो", महागङ्गा आरती समितिका अध्यक्ष राजकुमार महासेठले भन्नुहुन्छ, "अहिले महागङ्गा आरती दर्शनका लागि दैनिक ४०० देखि ५०० को सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गरेका छन्। विशेष चाडपर्वका बेला त त्योभन्दा बढी नै श्रद्धालुहरू आउँछन्।"

हरेक साँझ सञ्चालन हुने गङ्गा आरतीमा स्थानीयवासी, आन्तरिक पर्यटक तथा भारतका विभिन्न स्थानबाट आएका श्रद्धालुहरूको सहभागिता बढ्दै गएको छ। जानकी मन्दिरको दर्शनपछि गङ्गासागरमा पुगेर आरतीमा सहभागी हुने वा त्यसको अवलोकन गर्ने क्रम बढ्दै जाँदा जनकपुरधामको धार्मिक पर्यटनले पनि नयाँ गति पाएको देखिन्छ।

गङ्गासागर जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पोखरीमध्ये एक हो। जनविश्वासअनुसार यसको धार्मिक महत्व प्राचीनकालदेखि रहिआएको छ। यही ऐतिहासिक महत्वलाई थप जीवन्त बनाउने उद्देश्यले नियमित गङ्गा आरती सञ्चालन हुन थालेपछि गङ्गासागर साँझको समयमा श्रद्धा, संस्कृति र पर्यटनको केन्द्रका रूपमा विकसित भएको जनकपुरधाम उपमहानगरपालिकाका पूर्व उपाध्यक्ष अम्बोकुमार साह बताउनुहुन्छ।

"साँझमा आरती सुरु हुनुभन्दा केही समयअघि नै श्रद्धालुहरू गङ्गासागर परिसरमा जम्मा हुन थाल्छन्", पूर्वउपाध्यक्ष साह भन्नुहुन्छ, "कोही परिवारसहित आउँछन् भने कोही साथीभाइसँग। कतिपय श्रद्धालु भारतको सीतामढी, मधुबनी, दरभङ्गा, सुपौल, मुजफ्फरपुरलगायत क्षेत्रबाट जनकपुरधाम भ्रमणका क्रममा आरती हेर्न आउने गरेका छन्।" दर्शन गर्न आउनेहरू जानकी मन्दिरको दर्शनपछि साँझ गङ्गासागरमा पुगेर दीप प्रज्वलन गर्नुलाई आफ्नो धार्मिक यात्राको महत्वपूर्ण हिस्सा मान्ने गरेको उहाँको भनाइ छ।

आरतीका क्रममा शङ्ख, घण्टी, डमरु र वैदिक मन्त्रको सम्मिश्रणले सम्पूर्ण वातावरण आध्यात्मिक बनाउने गर्दछ। दीपको उज्यालोले पोखरीको पानीमा देखिने प्रतिबिम्बले उपस्थित सबैलाई आकर्षित गर्छ। यही दृश्य कैद गर्न धेरै श्रद्धालु मोबाइल र क्यामेरा बोकेर पुग्ने गरेका छन्। सामाजिक सञ्जालमा गङ्गा आरतीका तस्बिर र भिडियो व्यापक रूपमा साझा हुन थालेपछि यसको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन्।

धार्मिक अभियन्ता जङ्गबहादुर सिंहका अनुसार गङ्गा आरती कुनै धार्मिक अनुष्ठान मात्र नभई सनातन संस्कृति, सामाजिक सद्भाव र प्रकृतिप्रतिको सम्मानको सन्देश दिने अभियान पनि हो। आरतीमा जात, भाषा, क्षेत्र वा वर्गको विभेद नहुने भएकाले सबै समुदायका मानिस सहजरूपमा सहभागी हुने गरेको उहाँको कथन छ। यसले धार्मिक सहिष्णुता र सामाजिक एकतालाई समेत मजबुत बनाएको छ।

पछिल्लो समय युवापुस्ताको सहभागिता पनि उल्लेखनीय रूपमा बढेको देखिन्छ। आधुनिक जीवनशैली र डिजिटल प्रविधिको प्रभावबीच धार्मिक तथा सांस्कृतिक गतिविधिमा युवाको आकर्षण घट्दै गएको चर्चा भइरहेका बेला गङ्गा आरतीले उहाँहरूलाई आफ्नो संस्कृति र परम्परासँग जोड्न सफल भएको स्थानीयको अनुभव छ। धेरै युवा स्वयंसेवक व्यवस्थापन, सरसफाइ, श्रद्धालुलाई सहयोग तथा सामाजिक सञ्जालमार्फत कार्यक्रमको प्रचारप्रसारमा सक्रिय देखिन्छन्। पर्यटकको आकर्षकको केन्द्र बन्दै गएको महागङ्गा आरती जनकपुरधामको आर्थिक सम्बृद्धि र व्यापारिक विकासको माध्यम समेत बनेको स्थानीय व्यापारीहरू बताउँछन्।

महागङ्गा आरती जनकपुरधामको समृद्धिका लागि महत्वपूर्ण कोसेढुङ्गा बनेको जनकपुरधामका व्यापारी शम्भु साह बताउनुहुन्छ। कुनै बेला फोहरको डङ्गुरका कारण दुर्गन्धित बनेको पवित्र गङ्गा सागर पोखरीको सरसफाइसँगै २०७१ जेठ २५ गतेदेखि सुरु भएको महागङ्गा आरतीले नयाँ रौनकता थपेको उहाँको भनाइ छ। पहिलो आरती नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रे तथा ब्रह्माकुमारी राजयोग केन्द्रका सञ्चालिका गङ्गा माताले गर्नुभएको थियो। त्यसयता पूर्वराष्ट्रपति डा.रामवरण यादव, भारत विहारका उपमुख्यमन्त्री सुशील मोदी, भारत, अमेरिका, श्रीलङ्का, थाइल्याण्डलगायतका देशका राजदूत, सभामुख, राष्ट्रियसभा अध्यक्ष, न्यायाधीश, प्रहरी र सेनाका उच्च पदाधिकारीहरू पनि गङ्गा आरतीमा सहभागी भइसक्नुभएको छ।

धार्मिक र सांस्कृतिक इतिहास बोकेको जनकपुरधाममा 'ग्रिन जनकपुर क्लिन जनकपुर' अभियानअन्तर्गत गङ्गासागर पोखरीको सरसफाईसँगै महागङ्गा आरती सुरु गरिएको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा प्रदेशसभाका सभामुख यादव बताउनुहुन्छ। "अभियानकै क्रममा जनकपुरका युवा तथा अभियानीहरूको साथ लिएर गङ्गासागर पोखरीको सरसफाइ र सौन्दर्यीकरण गर्यौं", सभामुख यादव भन्नुहुन्छ, "पोखरीको सरसफाइ गर्न करिब एक वर्ष लाग्यो, त्यसपछि महागङ्गा आरती सुरु गरिएको र अहिले त्यो निरन्तर जारी छ।" यस अभियानअन्तर्गत जनकपुरधाम तथा चुरे क्षेत्रमा गरी हालसम्म करिब एक लाखभन्दा बढी बोट बिरुवा रोपिएको उहाँको भनाइ छ।

सुरुमा बनारसको पुजारीबाट मिथिलाका पुजारीलाई आरतीसम्बन्धी प्रशिक्षण दिई गङ्गासागर पोखरीमा महागङ्गा आरती सुरु गरिएको थियो। सुरुमा एक जना पुजारीबाट मात्र महागङ्गा आरतीमा अहिले तीन जना पुजारीबाट आरती हुँदै आएको छ। महागङ्गा आरतीको क्रममा हुने मन्त्रजापले श्रद्धालुहरूलाई थप आकर्षित बनाउने गरेको छ। साहित्यकार डा राजेन्द्र विमलद्वारा लिखित तथा सुनिल मल्लिकद्वारा गायन गरिएको महागङ्गा आरती भजन सुनेर श्रद्धालुहरू थप उत्साहित हुने गरेका छन्।

जनकपुरधामको गङ्गा आरतीमा गङ्गाको स्तुति मात्र नभई सबै देवीदेवताको मन्त्र जाप हुने गरेकोले यसको विशेष महत्व रहेको महागङ्गा आरती समितिका अध्यक्ष महासेठ बताउनुहुन्छ। "पर्यटन व्यवसायीका अनुसार जनकपुरधाम आउने धेरै पर्यटक पहिले दिनमै दर्शन गरेर फर्किने गर्थे", अध्यक्ष महासेठ भन्नुहुन्छ, "अहिले साँझको गङ्गा आरती हेर्नका लागि धेरैले आफ्नो बसाई लम्ब्याउन थालेका छन्, यसले होटलको 'अकुपेन्सी' बढेको छ।"

धार्मिक पर्यटनका जानकार सरोज कर्णका अनुसार गङ्गा आरतीलाई जनकपुरधामको 'साँझको सांस्कृतिक पहिचान' का रूपमा विकास गर्न सकिने सम्भावना छ। भारतका वाराणसी, हरिद्वार र उज्जैनजस्ता धार्मिक सहरमा नियमित आरतीले अन्तरराष्ट्रियस्तरको पर्यटन आकर्षित गरेझैं जनकपुरधाममा पनि योजनाबद्ध प्रवर्द्धन गर्नसके धार्मिक पर्यटनले थप उचाई लिन सक्ने उहाँहरूको धारणा छ। त्यसका लागि पूर्वाधार विस्तार, व्यवस्थित व्यवस्थापन, नियमित प्रचारप्रसार र पर्यटकमैत्री सेवा आवश्यक रहेको स्थानीय बुद्धिजीवी कर्ण बताउनुहुन्छ।

गङ्गासागर परिसरको सौन्दर्यीकरण, सरसफाइ, प्रकाश व्यवस्था, बस्ने स्थान, शौचालय, पार्किङ, सुरक्षा तथा सूचना केन्द्रको व्यवस्थापनमा थप सुधार गर्नसके श्रद्धालु र पर्यटकको अनुभव अझ प्रभावकारी बन्ने स्थानीयवासीको सुझाव छ। विशेषगरी ठूलो भीड हुने दिनमा स्वयंसेवक परिचालन, ट्राफिक व्यवस्थापन र स्वास्थ्य सहायता केन्द्र सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

जनकपुरधाम वर्षभरि विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वले जीवन्त रहने सहर हो। रामनवमी, विवाहपञ्चमी, छठ, होली, झिझिया, सामाचकेवालगायतका पर्वले यहाँको सांस्कृतिक विविधतालाई झल्काउँछन्। गङ्गा आरतीले ती परम्परागत पर्वबाहेक दैनिक रूपमा धार्मिक गतिविधिको निरन्तरता दिएको छ। यसले जनकपुरधामलाई पर्वका बेला मात्र होइन, हरेक दिन पुग्न सकिने धार्मिक गन्तव्यका रूपमा परिचित गराउन सहयोग पुऱ्याएको छ।

गङ्गा आरतीमा सहभागी हुँदा मनमा शान्ति, सकारात्मक ऊर्जा र आध्यात्मिक सन्तुष्टि प्राप्त हुने अनुभूति हुने गरेको नियमित गङ्गा आरतीमा सहभागी हुँदै आउनुभएका पङ्कज महतो बताउनुहुन्छ। दैनिक जीवनको व्यस्तता र तनावबाट केही समय अलग भएर धार्मिक वातावरणमा बिताउने अवसरका रूपमा पनि धेरैले यसलाई लिने गरेका छन्।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# कल्याणकारी कोषको रकम राष्ट्रिय विकासमा परिचालन गर्ने सेनाको तयारी

काठमाडौं, १५ साउन (रासस)।

नेपाली सेनाले सैनिक कल्याणकारी कोषमा रहेको रकम राष्ट्रिय विकासमा योगदान पुग्नेगरी परिचालन गर्ने सोच अघि सारेको छ।

रक्षा मन्त्रालयमा बिहीबार आयोजित चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले पहिलो चरणमा कोषको रकम जलविद्युत् तथा सौर्य ऊर्जामा लगानी गर्ने जानकारी दिनुभयो।

"हाम्रो कल्याणकारी कोषलाई राष्ट्रिय विकासमा योगदान पुग्ने गरी खर्च गर्ने विकल्प खोजिरहेका छौं। यसबाट राष्ट्रको विकास पनि होस् र कल्याणकारी कोषमा रहेको रकमको उचित सदुपयोग पनि होस् भन्ने हाम्रो उद्देश्य हो", प्रधानसेनापति सिग्देलले भन्नुभयो, "त्यसका लागि हामीले प्रयास गरिरहेका छौं। पहिलो चरणमा जलविद्युत् र सौर्य ऊर्जामार्फत विद्युत् उत्पादन गर्ने काममलाई परीक्षणका रूपमा अघि बढाउने सोचमा छौं। यो सफल भयो भने कोषको रकम विकास निर्माणका काममा लगानी गर्नेछौं।"

प्रधानसेनापति सिग्देलका अनुसार कोषको कुल सम्पत्ति हाल करिब रु ९७ अर्ब रहेको छ। त्यसमध्ये विभिन्न बैंकमा करिब रु ९१ अर्ब नगद मौज्दात र करिब रु छ अर्ब लगानी रहेको छ। कोषको आम्दानीको ९० प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था रहेको छ। तर बैंकको ब्याजदर घटेकाले कल्याणकारी कार्यक्रमको खर्च व्यवस्थापनमा चुनौती भइरहेको उहाँले बताउनुभयो।

हाल कोषबाट स्वास्थ्य सेवातर्फ करिब १० लाख हिताधिकारी तथा शिक्षातर्फ करिब ११ हजार विद्यार्थी लाभान्वित भइरहेका छन्। स्वास्थ्य सेवाका प्रमुख लाभग्राहीमा सैनिकका परिवार तथा भूतपूर्व सैनिक रहेका छन्। साथै शिक्षातर्फ कक्षा १२ सम्मका साथै एमबिबिएस, इन्जिनियरिङलगायत उच्च तथा प्राविधिक शिक्षाका विद्यार्थी लाभान्वित भइरहेका छन्। कल्याणकारी कोषबाट हुने खर्च मुख्यतः सैनिक तथा भूतपूर्व सैनिकको हितमा केन्द्रित रहेको प्रधानसेनापति सिग्देलले स्पष्ट पार्नुभयो।

प्रधानसेनापति सिग्देलले सेनाको व्यवस्थापनमा निर्माण भइरहेको काठमाडौं–तराई/मधेस द्रुतमार्गमा देखिएका समस्या समाधानका लागि विभिन्न प्रयास भइरहेकाले आगामी वर्ष आयोजनाको प्रगति उच्च हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले काममा ढिलाइ गर्ने निर्माण व्यवसायीलाई निश्चित समय दिएर सुधारको अवसर दिने र त्यस अवधिमा पनि प्रगति नभए ठेक्का सम्झौता अन्त्य गर्ने जानकारी दिनुभयो।

आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न विस्तृत परियोजना प्रतिवेदनको तेस्रो संशोधन यथाशीघ्र स्वीकृत गरी बाँकी प्याकेजको निर्माण अघि बढाउन आवश्यक रहेको उहाँले बताउनुभयो। द्रुतमार्गको सुरु बिन्दु खोकना क्षेत्रको जग्गा अधिग्रहण र मुआब्जा वितरणमा भएको ढिलाइले समग्र आयोजनाको कार्यसम्पादन प्रभावित भएको प्रधानसेनापति सिग्देलले बताउनुभयो।

*बाँकी तीन पृष्ठमा*

# विभिन्न जिल्लामा उत्पन्न अशान्त वातावरणलाई लिएर सरकार पूर्ण रूपमा गम्भीर र संवेदनशील छ : प्रधानमन्त्री

काठमाडौं, १५ साउन (रासस)।

प्रधानमन्त्री बालेन्द्र शाहले सुनसरीको देवानगञ्ज र सिरहालगायत स्थानमा भएका घटनामा दुःख व्यक्त गर्दै केही जिल्लामा उत्पन्न अशान्त वातावरणलाई लिएर नेपाल सरकार पूर्ण रूपमा गम्भीर र संवेदनशील रहेको बताउनुभएको छ।

बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री शाहले उक्त दुःखद् घटनामा परी निधन हुनुभएका नागरिकहरू जयप्रकाश मेहता, ओमप्रकाश मेहता र गणेश यादवप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा नेपाल सरकारका तर्फबाट गहिरो समवेदना व्यक्त गर्नुभएको छ।

"म आज एक अत्यन्त संवेदनशील घडीमा तपाईंहरूसामु उपस्थित भएको छु", उहाँले भन्नुभयो, "देशको कुनै एक स्थानमा भएको अनपेक्षित र दुःखद् घटनालाई लिएर कुनै सिङ्गो समुदायलाई आरोपित गर्नु र देशका अन्य भूभागमा समेत त्यसको प्रतिशोधको आगो फैलाउनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित वा न्यायसङ्गत हुन सक्दैन।" उहाँले नेपालको संविधानले प्रत्येक नागरिकलाई आ-आफ्नो धर्म, संस्कृति र परम्परा मान्ने मौलिक हक प्रदान गरेको उल्लेख गर्दै संवैधानिक दायित्व निर्वाह गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनुभयो।

प्रधानमन्त्री शाहले घटनामा परी घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै घाइतेहरूको उपचारमा कुनै पनि प्रकारको कमी वा ढिलाइ हुन नदिन सम्बन्धित स्वास्थ्य निकायहरुलाई स्पष्ट निर्देशन दिइसकिएको बताउनुभएको छ।

घटना भएलगत्तै सबै सुरक्षा निकायहरूले तत्काल घटनास्थलमा पुगेर परिस्थितिलाई सामान्य बनाउने, थप अप्रिय घटना हुन नदिने र शान्ति-सुरक्षा कायम गर्ने प्रयास निरन्तर भइरहेको उहाँको भनाइ छ।

"घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानुनी कारबाही गर्न गृह मन्त्रालयले छानबिन समिति गठन गरिसकेको छ, म सबैमा विश्वास दिलाउन चाहन्छु, यो छानबिन पूर्ण रूपमा निष्पक्ष र पारदर्शी हुनेछ। घटनामा संलग्न दोषी जो-कोही भए पनि कानुनी दायरामा ल्याउन सरकार प्रतिबद्ध छ", प्रधानमन्त्रीले भन्नुभयो।

प्रधानमन्त्री शाहले अवस्था थप नबिग्रियोस्, कुनै पनि नागरिकको जनधनको क्षति हुन नपाओस् र स्थानीयस्तरमा विश्वासको वातावरण बनोस् भन्नका लागि नेपाल सरकार निरन्तर क्रियाशील रहेको समेत स्पष्ट पार्नुभएको छ।

परिस्थिति सामान्यीकरण गर्न केन्द्रस्तरमा सर्वदलीय बैठक आह्वान गरी गहन छलफल गरिएको र स्थानीय तहसम्मै जनप्रतिनिधि, नागरिक समाज, विभिन्न धार्मिक गुरुहरू, समुदायका अगुवा तथा सामाजिक व्यक्तित्वहरूसँग निरन्तर संवाद भइरहेको समेत उहाँले उल्लेख गर्नुभयो।

"स्थानीय स्थितिको प्रत्यक्ष अनुगमन गर्न, पीडित पक्षसँग संवाद गर्न र शान्ति-सुरक्षालाई थप सुदृढ बनाउन गृहमन्त्री स्वयं, सुरक्षा निकायका उच्च अधिकारीहरूसहित घटनास्थलतर्फ प्रस्थान गरिसक्नु भएको छ", उहाँले भन्नुभयो, "देशको समग्र शान्ति-सुरक्षाको अवस्थाबारे गम्भीर समीक्षा गर्न राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसी परिस्थिति अनुसारका आवश्यक निर्णयहरूसमेत गरिसकिएको छ।"

प्रधानमन्त्री शाहले यस्तो संवेदनशील घडीमा सामाजिक सञ्जाल वा अन्य माध्यमबाट असत्य, अपुष्ट सूचना, अफवाह, घृणा फैलाउने सामाग्री वा समुदायबीच वैमनस्य बढाउने अभिव्यक्तिको प्रचारप्रसार नगर्न, नगराउन समेत अनुरोध गर्दै सरकारी निकायहरूबाट जारी भएका आधिकारिक तथ्य र सूचनामा मात्र विश्वास गर्न विशेष आग्रह गर्नुभएको छ।

"प्रत्येक नागरिकको जीउधनको रक्षा गर्नु, सामाजिक सद्भाव जोगाउनु र समाजमा शान्ति कायम राख्नु राज्यको सर्वोच्च र प्राथमिक दायित्व हो। आगामी दिनमा पनि राज्य थप सतर्क र संवेदनशील रहनेछ", उहाँले भन्नुभयो। प्रत्येक नागरिकको जीवन सुरक्षाका लागि सरकारका सम्पूर्ण संयन्त्रहरू अहोरात्र खटिने उल्लेख गर्दै उहाँले शान्ति-सुरक्षा भङ्ग गर्ने, अराजकता फैलाउने वा हाम्रो सदियौँ पुरानो सामाजिक सद्भाव, सहिष्णुता र भाइचारा खलबल्याउने कुनै पनि क्रियाकलापप्रति सरकार पूर्ण रूपमा सचेत छ र यस्ता गतिविधिमाथि कडा कदम चालिने समेत बताउनुभयो।

"धर्म, समाजलाई आपसमा जोड्ने र प्रेम बाँड्ने शक्ति हो, संसारको कुनै पनि धर्म वा संस्कृतिले हिंसा, घृणा र विभाजन सिकाउँदैन। सबै धर्मको मूल सार करुणा, दया, प्रेम र शान्ति नै हो", उहाँले भन्नुभयो, "हाम्रो इतिहास साक्षी छ -कठिनभन्दा कठिन र अप्ठ्यारो परिस्थितिमा पनि आपसी एकता, सहिष्णुता र विवेक नै हाम्रा सबैभन्दा ठूला शक्ति बनेका छन्।" सबैले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्दै सुन्दर र शान्त नेपाली आकाशमा मडारिएको अशान्तीको बादल हटाउनु पर्ने अवस्था आएको उहाँको भनाइ छ।

प्रधानमन्त्री शाहले मैथलीमा सम्बोधन गर्दै राष्ट्रिय एकता कायम राख्न आग्रह गर्नुभयो। "हम आमनागरिक, नागरिक समाज, धार्मिक समुदाय, सब आदरणीय अगुवा, सब राजनीतिक दल आ जिम्मेवार सञ्चारके माध्यम सबके धैर्यता आ संयमता अपना क शान्ति, सद्भाव, भाइचारा आ राष्ट्रिय एकता कायम राख के लेल सरकार के तरफ स हार्दिक अपिल क रहल छी", उहाँले भन्नुभयो।

# अर्को सूचना जारी नभएसम्मका जयनगर-जनकपुर-भङ्गाहा रेल सेवा स्थगन

जनकपुरधाम, १५ साउन (रासस)।

नेपाल रेल्वे कम्पनी लिमिटेडले जयनगर-जनकपुर-भङ्गाहा रेल खण्डअन्तर्गत सञ्चालन हुँदै आएको रेल सेवा अस्थायी रूपमा स्थगित गरेको छ।

कम्पनीको केन्द्रीय कार्यालय जनकपुरधाम धनुषाले शुक्रबार सूचना जारी गरी जिल्ला प्रशासन कार्यालय धनुषाबाट जारी कर्फ्यु आदेशका कारण यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै रेल सेवा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको जनाएको छ।

सूचनामा प्रमुख जिल्ला अधिकारीबाट जारी कर्फ्यु आदेशका आधारमा उक्त निर्णय गरिएको उल्लेख छ।

नेपाल रेल्वे कम्पनीले जयनगर-जनकपुर-भङ्गाहा रेल खण्डमा हाल सञ्चालन हुँदै आएको सेवा कर्फ्यु कायम रहेसम्म सञ्चालन गर्न नसकिने सूचनामा उल्लेख गरिएको छ।

यात्रुहरूमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दै परिस्थिति सामान्य भएपछि सेवा पुनःसञ्चालन गरिने निमित्त प्रशासन प्रमुख अजयकुमार सिंहद्वारा जारी सूचनामा उल्लेख छ।

## कल्याणकारी कोषको ...

मन्त्रालयका अनुसार जग्गा प्राप्ति, रुख कटान, मुआब्जा वितरण, निर्माण व्यवसायीको डिजाइन तथा उपकरण व्यवस्थापनमा भएको ढिलाइ र खोकना खण्डको निर्माण सुरु हुन नसक्दा आयोजनाको प्रगति प्रभावित भएको हो। प्रधानसेनापति सिग्देलले सेनाको पुँजीगत खर्च गर्नसक्ने क्षमतालाई दृष्टिगत गरी आगामी दिनमा पर्याप्त बजेट विनियोजन भए अझ बढी प्रगति हासिल गर्न सकिने बताउनुभयो।

न्यून बजेटका कारण कतिपय सडक आयोजनामा सेनाको जनशक्ति तथा उपकरण क्षमताअनुसार उपयोग हुन नसकेको भन्दै रणनीतिक महत्त्वका सडक तथा विकास आयोजनामा पर्याप्त बजेट व्यवस्था गर्न उहाँले आग्रह गर्नुभयो। गत आर्थिक वर्षमा द्रुतमार्गको लक्ष्यको तुलनामा भौतिक प्रगति ६३ दशमलव ७० प्रतिशत र वित्तीय प्रगति ७१ दशमलव ८२ प्रतिशत भएको छ। आयोजनाको हालसम्मको कुल भौतिक प्रगति ४८ दशमलव ७२ प्रतिशत र वित्तीय प्रगति ५० दशमलव ६२ प्रतिशत पुगेको छ।

मन्त्रालयका अनुसार गत आर्थिक वर्ष मन्त्रालयअन्तर्गत सञ्चालित विकास आयोजनामध्ये सात वटाले शतप्रतिशत प्रगति हासिल गरेका छन्। सेनाको व्यवस्थापनमा सञ्चालित खाँदबारी-किमाथाङ्का, कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ, दार्चुला-टिङ्कर, बङ्कर टु ब्यारेक, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र राष्ट्रिय चुरे संरक्षण कार्यक्रमले वार्षिक लक्ष्यअनुसार शतप्रतिशत प्रगति गरेका हुन्।

गत आव रक्षा मन्त्रालय र अन्तर्गतका निकायलाई चालु तथा पुँजीगततर्फ गरी कुल रु ६६ अर्ब ८८ करोड बजेट विनियोजन भएकामा रु ६३ अर्ब ५४ करोड खर्च भएको छ। यसबाट करिब ९५ प्रतिशत वित्तीय प्रगति भएको छ। पुँजीगततर्फ ७४ दशमलव ६ प्रतिशत र चालुतर्फ ९७ प्रतिशत खर्च प्रगति भएको मन्त्रालयले जनाएको छ।

सेनाअन्तर्गत सञ्चालित विभिन्न विकास निर्माण आयोजनामा एक हजार १२७ जनालाई रोजगारी उपलब्ध गराइएको तथा सेनाअन्तर्गतका अस्पतालबाट नौ लाख ७६ हजार २८६ जनालाई स्वास्थ्योपचार सेवा प्रदान गरिएको जानकारी छ। आर्थिक वर्ष २०८२/८३ सम्मको कुल बाँकी बेरुजु रु १० अर्ब ७० करोड ९४ लाख ९९ हजार रहेकामा ५४ प्रतिशत फछ्यौंट भएको छ। हाल रु चार अर्ब ९४ करोड एक लाख ३० हजार बेरुजु बाँकी रहेको मन्त्रालयले जनाएको छ।

बैठकमा रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको द्रुतमार्गको प्रगति अपेक्षाअनुसार हुन नसकेको भन्दै आगामी दिनमा लक्ष्यअनुसार प्रगति हासिल हुनेगरी निर्माण कार्यलाई तदारुकताका साथ अघि बढाउन निर्देशनसमेत दिनुभयो। उहाँले सेनाको व्यवस्थापनमा सञ्चालित अन्य राष्ट्रिय करिडोरमा लक्ष्यअनुसार प्रगति हासिल भएकामा धन्यवाद दिनुका साथै विपद् प्रभावितको खोजी, उद्धार तथा पुनःस्थापनामा सेनाले गरेको कार्यको प्रशंसा गर्नुभयो।

सचिव शर्माले विकास निर्माणका आयोजनामा अन्तरनिकाय समन्वय सुदृढ गरी समस्या तथा चुनौती समाधान गर्न र निर्धारित लक्ष्यअनुसार प्रगति हासिल गर्न सक्रिय हुन सम्बन्धित निकायलाई आग्रह गर्नुभयो। समीक्षा बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधि तथा नेपाली सेनाअन्तर्गतका विभिन्न विकास आयोजना प्रमुखले धारणा राख्नुभएको थियो।

# विश्व समाचार

## हमास-इजरायल सम्झौतामा हतियार र फिर्ती सहमति

गाजा सिटी (प्यालेस्टिनी क्षेत्र), १५ साउन (रासस/एएफपी)।

हमासका वरिष्ठ अधिकारीहरूले गाजामा युद्ध अन्त्य गर्ने उद्देश्यले इजरायलसँग भएको सहमतिमा समूहका हतियारको व्यवस्थापन तथा गाजा पट्टीबाट इजरायली सेनाको चरणबद्ध फिर्तीसम्बन्धी प्रावधान समावेश गरिएको बताएका छन्। उनीहरूका अनुसार यो सहमति करिब छ महिनादेखि जारी कठिन वार्तापछि सम्भव भएको हो र अब कार्यान्वयनको विस्तृत प्रक्रिया तय गर्ने चरण सुरु हुनेछ।

हमासका एक वरिष्ठ अधिकारीले एएफपीसँग कुराकानी गर्दै हतियारसम्बन्धी विषयमा सहमति भइसकेको र त्यससँगै इजरायली सेनाको गाजाबाट क्रमिक फिर्तीको ढाँचा पनि तय गरिएको जानकारी दिनुभयो। उहाँले अब मध्यस्थकर्ता तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शान्ति बोर्डले इजरायललाई सहमतिका सबै दायित्व कार्यान्वयन गराउन भूमिका खेल्ने अपेक्षा गरिएको बताउनुभयो।

हमासको वार्ता टोलीका सदस्य गाजी हमादका अनुसार गाजाका सर्वसाधारणको हत्या र विस्थापन अन्त्य गर्ने उद्देश्यले आन्दोलनले आवश्यक सहुलियत दिएको हो। उहाँले हतियारको विषयलाई इजरायली फिर्ती, गाजामा राष्ट्रिय समितिको तैनाती, पुनर्निर्माण तथा त्यससम्बन्धी समग्र राजनीतिक व्यवस्थासँग जोडिएको विषयका रूपमा व्याख्या गर्नुभयो।

हमादले इजरायलले हमासको निःशस्त्रीकरण प्रक्रियामा प्रत्यक्ष हस्तक्षेप नगर्ने र त्यसको जिम्मेवारी गाजा प्रशासनका लागि राष्ट्रिय समिति (एनसिएजी) ले लिने सहमति भएको बताउनुभयो। उहाँका अनुसार उक्त समितिले सहमत समयतालिकाअनुसार हतियारको सूचीकरण, भण्डारण र व्यवस्थापन गर्नेछ तथा गाजामा हतियार राख्ने, सुरक्षित भण्डारण गर्ने र नियन्त्रण गर्ने अधिकार पनि सोही निकायसँग रहनेछ।

शान्ति बोर्डको पहलमा गठन गरिएको राष्ट्रिय समिति अझैसम्म गाजा प्रवेश गर्न नसकेको भए पनि सम्झौताले त्यसको भूमिकालाई औपचारिक मान्यता दिएको अधिकारीहरूले बताएका छन्।

हमादका अनुसार युद्ध अन्त्य, गाजामा राष्ट्रिय समितिको प्रवेश, इजरायली सेनाको फिर्ती, पुनर्निर्माण तथा अन्तर्राष्ट्रिय सुरक्षा बलको सम्भावित तैनाती सबै एकीकृत ढाँचाअन्तर्गत अघि बढाइनेछ। उहाँले यी सबै विषय एकअर्कासँग अन्तरसम्बन्धित भएकाले कुनै पनि पक्षलाई छुट्टाछुट्टै कार्यान्वयन गर्न नसकिने स्पष्ट पार्नुभयो। साथै गाजामा सक्रिय अन्य सशस्त्र समूहको व्यवस्थापन पनि सोही प्रक्रियाअन्तर्गत हुने बताउनुभयो।

उहाँका अनुसार अब हमासले मध्यस्थकर्तासँग कार्यान्वयनका प्राविधिक विवरण र समयतालिकामाथि छलफल गर्नेछ। यो प्रक्रिया करिब १४ दिन वा त्यसभन्दा बढी समयसम्म चल्न सक्ने उहाँको भनाइ छ। कार्यान्वयनको विधि, समय र संयन्त्रका सबै पक्षमा सहमति भएपछि मात्र सम्झौता पूर्ण रूपमा लागू हुनेछ।

हमादले इजरायलले आफ्ना प्रतिबद्धता पूरा गरेमात्र हमासले पनि सहमति कार्यान्वयन गर्ने स्पष्ट गर्दै कुनै एक पक्षले सम्झौता उल्लङ्घन गरे अर्को पक्ष पनि त्यसमा बाध्य नहुने बताउनुभयो।

यसै महिनाको प्रारम्भमा हमासले करिब दुई दशकदेखि गाजामा सञ्चालन गर्दै आएको आफ्नो प्रशासनिक निकाय विघटन गर्ने घोषणा गरेको थियो। त्यसपछि २० लाखभन्दा बढी जनसङ्ख्या रहेको गाजामा नागरिक प्रशासन सञ्चालन गर्न राष्ट्रिय समितिका लागि बाटो खुलेको हो। यसलाई हमासको महत्त्वपूर्ण राजनीतिक परिवर्तनका रूपमा हेरिएको छ। हमासले सन् २००७ मा फताहबाट गाजाको नियन्त्रण आफ्नो हातमा लिएको थियो।

वरिष्ठ अधिकारीका अनुसार हमासका हतियारको सूचीकरण र व्यवस्थापनको प्रक्रिया गाजामा इजरायलले नियन्त्रणमा लिएका क्षेत्रबाट चरणबद्ध रूपमा सेना फिर्ता गर्ने प्रक्रियासँग समानान्तर रूपमा अघि बढ्नेछ र अन्ततः पूर्ण फिर्तीमा पुग्ने लक्ष्य राखिएको छ।

गत अक्टोबर १० देखि युद्धविराम लागू भएयता पनि इजरायली सेनाले गाजा पट्टीमा आफ्नो नियन्त्रण विस्तार गर्दै आएको छ। हाल गाजाको ६० प्रतिशतभन्दा बढी भूभाग इजरायली सेनाको नियन्त्रणमा रहेको बताइएको छ। युद्धविराम कायम रहे पनि गाजामा दैनिक हिंसात्मक घटना जारी छन् र इजरायली सेनाले आफ्ना आक्रमण हमास लडाकूलाई लक्षित भएको दाबी गर्दै आएको छ।

## पाकिस्तानको कोइला खानी विस्फोटमा ३४ जनाको मृत्यु

क्वेटा (पाकिस्तान), १५ साउन (रासस/एएफपी)।

दक्षिणी पाकिस्तानको बलुचिस्तान प्रान्तस्थित कोइला खानीमा मिथेन ग्यास विस्फोट हुँदा कम्तीमा ३४ जना खानी मजदुरको मृत्यु भएको छ। प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पीडीएमए) ले शुक्रबार बिहान मृत्युको पुष्टि गर्दै अझै केही मजदुर बेपत्ता रहेकाले संयुक्त उद्धार अभियान निरन्तर जारी रहेको जनाएको छ।

अधिकारीहरूका अनुसार बिहीबार बलुचिस्तानको राजधानी क्वेटानजिक रहेको कोइला खानीमा मिथेन ग्यासका कारण शक्तिशाली विस्फोट भएको थियो। विस्फोटपछि खानीभित्र ठूलो क्षति पुगेको र उद्धार टोलीले रातभर खोज तथा उद्धार अभियान सञ्चालन गरेको थियो।

पीडीएमएले जारी गरेको विज्ञप्तिअनुसार घटनास्थलबाट हालसम्म ३४ जनाको शव निकालिएको छ। साथै, खानीभित्र अझै फसेका मजदुरहरूको खोजी र उद्धारका लागि विभिन्न निकायको संयुक्त टोली परिचालन गरिएको जनाएको छ। विस्फोट भएको समयमा खानीभित्र कति जना मजदुर कार्यरत थिए भन्ने विवरण भने सार्वजनिक गरिएको छैन।

पाकिस्तानमा, विशेषगरी खनिज स्रोतले धनी तर पूर्वाधार र सुरक्षा व्यवस्थामा कमजोर मानिने बलुचिस्तान प्रान्तमा यस्ता खानी दुर्घटना पटक-पटक हुने गरेका छन्। सुरक्षा मापदण्डको कमजोर कार्यान्वयन, अपर्याप्त प्रविधि र जोखिमपूर्ण कार्य वातावरणका कारण खानी क्षेत्रमा ज्यान गुमाउने घटना दोहोरिने गरेको विश्लेषकहरू बताउँछन्।

भूभागका हिसाबले पाकिस्तानकै सबैभन्दा ठूलो तथा आर्थिक रूपमा सबैभन्दा पछाडि परेको बलुचिस्तान प्रान्त शिक्षा, रोजगारी, पूर्वाधार र आर्थिक विकासलगायत अधिकांश सामाजिक तथा आर्थिक सूचकमा देशका अन्य प्रान्तभन्दा पछि रहेको मानिन्छ।

# देवानगञ्ज घटनाका पीडितलाई दुई लाख प्रदान गर्ने प्रदेश सरकारको निर्णय

**दैनिक समाचारदाता**
**विराटनगर, १५ साउन ।** कोशी प्रदेश सरकारले देवानगञ्ज घटनाका पीडित परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ।

सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीका अनुसार उक्त घटनामा ज्यान गुमाएकाका परिवारलाई राहतस्वरूप जनही दुई लाख उपलब्ध गराउने निर्णय भएको छ।

साथै, घाइते तथा घर, पसललगायतमा आगजनीबाट पीडित परिवारलाई ५० हजार प्रदान गरिने भएको छ। मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो।

# गोलबजार घटनाको छानबिन गर्न समिति गठन

**दैनिक समाचारदाता**
**सिरहा, १५ साउन ।** सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा बिहीबार एक जना युवालाई गोली लागेर मृत्यु भएको घटनाको सत्यतथ्य छानबिन गर्न मधेस प्रदेश प्रहरी कार्यालयले छानबिन समिति गठन गरेको छ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाका प्रहरी उपरीक्षक भेषराज रिजालको संयोजकत्वमा मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक यशराज भट्ट र प्रहरी सहायक निरीक्षक गोविन्द झा सदस्य रहनेगरी छानबिन समिति गठन गरिएको हो।

समितिलाई घटनाको सत्यतथ्य छानबिन गर्न कार्यादेश दिइएको धनुषाका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले जानकारी दिए। समितिलाई घटनासम्बन्धी तथ्य सङ्कलन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ।

# चार महिनामा विपद्का तीन हजार ९५१ घटना, १९३ जनाको मृत्यु

काठमाडौँ, १५ साउन (रासस)। गत वैशाख १ देखि यही साउन १४ गतेसम्म देशका विभिन्न भागमा तीन हजार ९५१ विपद्जन्य घटना भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ती घटनामा १९३ जनाको मृत्यु, तीन जना बेपत्ता, एक हजार १६५ जना घाइते तथा पाँच हजार ८७ परिवार प्रभावित भएका छन्।

उक्त अवधिमा सबैभन्दा बढी एक हजार दुई वटा आगलागीका घटना, सर्पदंशका ६७०, पहिरोका ६६२, हुण्डरीका ४७९, चट्याङका २३१, भारी वर्षाका २२६, वन्यजन्तु आक्रमणका २१८, बाढीका १९८ र वन डढेलोका १९१ घटना भएका छन्।

यसैबीच, साउन १३ गते बिहान १०:०० बजेदेखि साउन १४ गते बिहान १०:०० बजेसम्म देशका विभिन्न स्थानमा ३४ वटा विपद्जन्य घटना भएका प्राधिकरणले जनाएको छ। ती घटनामा १३ जना घाइते भएका छन् भने २३ जनाको उद्धार भएको छ। घटनामा रु ४१ लाख आठ हजार बराबरको क्षति भएको छ।

सो अवधिमा सर्पदंशका आठ, आगलागीका आठ, भारी वर्षाका नौ, पहिरोका पाँच, बाढीको एक र वन्यजन्तु आक्रमणका तीन घटना भएका छन्।

यसैगरी, साउन १३ गते बिहान ८:४५ बजेदेखि साउन १४ गते बिहान ८:४५ बजेसम्म देशका विभिन्न भागमा अवस्थित ४४८ वर्षा मापन केन्द्रमध्ये २६६ केन्द्रमा वर्षा अभिलेख भएको र सबैभन्दा बढी १०४.६ मिलिमिटर वर्षा कञ्चनपुरको दोधारामा भएको प्राधिकरणले जनाएको छ।

# शिक्षा र स्वास्थ्य समता शुल्क १५ दिनभित्र फिर्ता हुने

काठमाडौँ, १५ साउन (रासस)। सरकारले हालसम्म असुल गरिएको शिक्षा र स्वास्थ्य समता शुल्क १५ दिनभित्र सम्बन्धित सेवाग्राहीलाई फिर्ता गर्ने भएको छ।

त्यससम्बन्धी सूचना बिहीबार नेपाल राजपत्रमा प्रकाशित गरिएको छ। चालु आर्थिक वर्षको आर्थिक ऐनको दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै शिक्षा र स्वास्थ्य समता शुल्क पूर्ण रूपमा छुट दिने व्यवस्था गरिएको हो।

प्रधानमन्त्री वालेन्द्र शाहले यही साउन ५ गते शिक्षा र स्वास्थ्य समता शुल्क खारेज गर्ने घोषणा गर्नुभएको थियो। त्यसलगत्तै साउन ६ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त शुल्क खारेज गर्ने निर्णय गरेको थियो।

अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायद्वारा जारी सूचनाअनुसार हालसम्म शिक्षा वा स्वास्थ्य समता शुल्क असुल गर्ने व्यक्ति वा निकायले असुल गरेको रकम १५ दिनभित्र सम्बन्धित भुक्तानीकर्तालाई फिर्ता गर्नुपर्नेछ।

सूचनामा तोकिएको अवधिभित्र रकम फिर्ता गर्न नसकिए त्यस्तो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ।

# बिपी क्यान्सर अस्पतालका ३५० शय्यामा निःशुल्क सेवा

चितवन, १५ साउन (रासस)। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका ५०० शय्यामध्ये ३५० शय्यामा बिरामीलाई निःशुल्क सेवा प्रवाह भएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा उमेश नेपालका अनुसार सामान्य (जनरल) शय्यामा भर्ना हुने बिरामीलाई तीन पटकको खानासहित निःशुल्क सेवा उपलब्ध गराइएको छ। अस्पतालले बिरामीलाई बिहान, दिउँसो र बेलुकाको खाना उपलब्ध गराउँदै आएको छ।

क्याबिन, पेड वार्ड, पोस्टअप, एचडियु, आइसियु तथा डे-केयर सेवामा उपचार गराउने बिरामीबाट भने अस्पतालले न्यून शुल्क लिने गरेको छ।

अस्पतालमा नेपालका विभिन्न जिल्लाका साथै भारतको सीमावर्ती क्षेत्रबाट पनि बिरामी आउने गरेका छन्। न्यून जनशक्ति र सीमित स्रोतसाधनका बाबजुद धेरै बिरामीको उपचार गर्नुपर्ने बाध्यात्मक अवस्था छ। यो अस्पताल क्यान्सरका बिरामीको आशाको केन्द्र हो।

# धनुषाको मन्दिर परिसरमा भेटिएको शव पुजारीको नभएको पुष्टि

काठमाडौँ, १५ साउन (रासस)। धनुषा सबैला नगरपालिका-१२ स्थित मन्दिर परिसरमा मृत अवस्थामा फेला परेको बन्धु राउत कडेरी पुजारी नभएको पुष्टि भएको छ।

मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक (डिआइजी) ओमप्रसाद अधिकारीले कडेरी पुजारी नभएको स्पष्ट गर्नुभयो। मृत फेला परेका कडेरी पुजारी भएको भन्दै सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यममा समेत सूचना र समाचार सम्प्रेषण भइरहेका सन्दर्भमा प्रदेश प्रहरी प्रमुख अधिकारीले गलत सूचना सम्प्रेषण भएकामा आपत्ति व्यक्त गर्दै यस किसिमको संवेदनशील विषयमा भ्रम नफैलाउन सबैसँग अनुरोध गर्नुभएको हो।

यसैगरी, जिल्ला प्रहरी कार्यालय धनुषाले पनि शुक्रबार एक विज्ञप्ति जारी गर्दै मृतक कडेरी पुजारी नभई घुमी हिँड्ने व्यक्ति भएको स्पष्ट गरेको छ।

जिप्रका धनुषाका प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले भन्नुभयो, "मन्दिर परिसरमा फेला परेको शव कडेरीको हो, उहाँ मन्दिरका पुजारी नभई घुमी हिँड्ने व्यक्ति भएको पुष्टि भएको छ, घटनाको सम्बन्धमा विस्तृत रुपमा अनुसन्धान गर्न कुकुरसहितको टोली खटिएको छ।"

प्रहरीले यो घटनालाई धर्मसँग नजोड्न आग्रह गर्दै उहाँ बाहिर कामकाज गरी मन्दिरमा सुत्न आउने गरेको र घटना विशुद्ध आपराधिक व्यक्तिबाट भएको बताएको छ। घटनामा संलग्न जोसुकैलाई कानुनको दायरामा ल्याइने प्रतिबद्धता पनि प्रहरीले व्यक्त गरेको छ।

# आपसी सद्भाव, एकता कायम राख्न पूर्वप्रधानमन्त्री देउवाको आग्रह

काठमाडौँ, १५ साउन (रासस)। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले केही दिनदेखि तराईका विभिन्न क्षेत्रमा देखिएको अवस्थाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ।

सामाजिक सञ्जालमार्फत बिहीबार आफ्नो धारणा सार्वजनिक गर्दै उहाँले नेपालीको विशेषता भनेको एकअर्काको सहअस्तित्वलाई स्वीकार गर्दै आपसी सद्भाव, एकता र सहकार्यलाई कायम राख्नु रहेको बताउनुभएको छ।

पूर्वप्रधानमन्त्री देउवाले नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सामाजिक सद्भाव कायम राख्दै सहकार्य, एकता र शान्तिको आदर्शलाई अनुशरण गर्न अनुरोध गर्नुभएको छ।

उहाँले पछिल्लो घटनामा निधन भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँले शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ। साथै उहाँले उक्त घटनामा घाइते भएकाहरूको स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

पूर्वप्रधानमन्त्री देउवाले हिंसा भडकिन नदिन राजनीतिक दलसँग सहकार्य गर्दै तत्काल आवश्यक पहल तथा प्रभावकारी कदम चाल्न सरकारसँग अनुरोध गर्नुभएको छ।

# दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भण्डारी पक्राउ

काठमाडौँ, १५ साउन (रासस)। स्मार्ट टेलिकम प्रकरणमा अनुसन्धान गर्न नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भूपेन्द्र भण्डारीलाई पक्राउ गरिएको छ।

निजलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले गएराति ललितपुरको धापाखेलबाट नियन्त्रणमा लिएको ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक अनुपशम्शेर जबराले राससलाई जानकारी दिनुभयो।

हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमतिका लागि ब्युरोले अभियुक्त भण्डारीलाई केहीबेरमा अदालतमा उपस्थित गराउन लागेको प्रवक्ता जबराले बताउनुभयो।

### *सप्तरीको दुई पालिका ...*

यस्तै जिल्लाको बोदेबरसाइन नगरपालिकमा स्थानीय प्रशासनले बिहीबार राती १० बजेदेखी नै कर्फ्यु आदेश जारि गरिसकेको छ।

बोदेबरसाइन नगरपालिकाको पूर्व हुलाकी राजमार्गको खड्क पुल, पश्चिम प्रितमपुर चौक, उत्तर नेगडा चौक र दक्षिण मानराजा चौकसम्म कर्फ्यु आदेश भएको प्रमुख जिल्ला अधिकारी थापाद्वारा जारि सूचनामा उल्लेख छ।

यसैबीच सुनसरी र गोलबजार घटनाको बिरोधमा सप्तरीमा पनि बिगत चार दिनदेखी भइरहेको प्रदर्शन पश्चात् बिहीबार राती हिन्दु सनातनी समाज सप्तरीले शुक्रबारदेखी सप्तरी जिल्ला बन्दको आह्वान गरेको छ।

शुक्रबार बिहानदेखी कर्फ्यु लागेपछी राजविराज बजार क्षेत्रमा नेपाल प्रहरी तथा नेपाली सेनाले माइकिङ गर्दै सूचना दिइरहेको छ भने बजार क्षेत्र अहिले सुनसान देखिएको छ।

### *सप्तरीका राजनीतिक ...*

छानबिनका लागि छानबिन समिति गठन गरी सत्यतथ्य सार्वजनिक गर्न, दोषीमाथि कानुनबमोजिम कडा कारवाही गर्न, मृतकका परिवारलाई उचित क्षतिपूर्ति तथा घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्।

संयुक्त विज्ञप्तिमा वर्तमान परिस्थितिलाई थप संवेदनशील नबनाई शान्तिपूर्ण वातावरण कायम गर्न सुरक्षा निकायलाई संयमित र जिम्मेवार ढंगले शान्ति-सुरक्षाको व्यवस्था मिलाउन पनि आग्रह गरिएको छ।

संयुक्त विज्ञप्तिमा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साह, नेपाल कम्युनिष्ट पार्टी सप्तरीका जिल्ला संयोजक प्रताप नारायण चौधरी, नेकपा (एमाले) सप्तरीका जिल्ला सचिव देवनाथ यादव, जसपा नेपाल सप्तरीका जिल्ला अध्यक्ष केदारप्रसाद यादप, जनमत पार्टी सप्तरीका जिल्ला अध्यक्ष संजीव नारायण यादव तथा राष्ट्रिय मुक्ति पार्टी सप्तरीका जिल्ला अध्यक्ष दीपेन्द्र कुमार चौधरीको हस्ताक्षर रहेको छ।

### *कल्याणपुरमा सामाजिक ...*

सहभागीले 'धार्मिक सहिष्णुता कायम गरौं', 'सामाजिक एकता बलियो बनाऔं' जस्ता सन्देशसहितका प्लेकार्ड प्रदर्शन गरेका थिए।

र्‍यालीका सहभागीले धार्मिक सहिष्णुता, आपसी भाइचारा र सामाजिक एकतालाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए। पछिल्लो समय सुनसरी र सिरहालगायतका जिल्लामा देखिएका गतिविधिप्रति सचेत रहँदै समाजमा सद्भाव र शान्तिको सन्देश फैलाउने उद्देश्यले र्‍याली आयोजना गरिएको आयोजकले जनाएको छ।

र्‍यालीपछि आयोजित कार्यक्रमा सांसद साहले विभिन्न धार्मिक समुदायबीचको एकता नै नेपाली समाजको एकतालाई बलियो आधार भएकाले सबैलाई संयम र सहकार्य गरी अघि बढन आह्वान गरे।

र्‍यालीमा प्रतिनिधिसभा सदस्य साह, पुर्व नगरप्रमुख हक सँगै खडक नगरपालिका-६ का वडाध्यक्ष मो. कलामुद्दिन मियाँ, वडा नं. ९ का वडाध्यक्ष इजहारुल मियाँ, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता अयुब राइन लगायत जनप्रतिनिधि तथा स्थानीय ६० जनाभन्दा बढीको सहभागिता रहेको थियो।

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*